Contact:
Rastriya Banijya Bank Ltd.
Singhadurbar Plaza
Kathmandu
Phone 4252595 Ext.2423
rbbnl@rbb.com.np

**Rastriya Banijya Bank Ltd.**
**Singhadurbar Plaza**
**Kathmandu**

# Press Release

Date: 2073.10.10

## प्रेस विज्ञप्ति

माननीय उप-प्रधान तथा अर्थमन्त्री कृष्णबहादूर महराले नेपाल आद्योगिक विकास निगम (NIDC)लाई राष्ट्रिय वाणिज्य बैंकमा गाभिने बताउनुभएको छ ।

राष्ट्रिय वाणिज्य बैंक लिमिटेडको ५२ औं वार्षिकोत्सब समारोहमा बोल्दै उहांले भन्नुभयो– अर्थमन्त्रालयबाट यस सम्बन्धी प्रस्ताब मन्त्रीपरिषदमा पेस भैसकेको छ । अब बस्ने मन्त्रीपरिषदको बैठकले NIDC लाई रावा बैंककमा गाभ्ने निर्णय गर्ने छ ।

राष्ट्रिय वाणिज्य बैंकको ३० प्रतिशत शेयर सर्वसाधारणमा जारी गर्ने विषयमा यस अघिकै मन्त्रिपरिषदले निर्णय गरिसकेको छ । उप-प्रधान तथा अर्थमन्त्री महराले ग्रामिण तहका जनतामा बैकिङ्ग पहुंच पुर्‍याउन राष्ट्रिय वाणिज्य बैंकको भुमिका अग्रणी हुनुपर्ने चर्चा गर्दै उत्पादनमुलक क्षेत्रमा कर्जा प्रवाह बढाउन बैंक व्यवस्थापनलाई आग्रह गर्नुभयो । उंहाले बैंकलाई बलियो बनाउन बैंक व्यवस्थापन, संचालक समिति र कर्मचारीहरु बीचको एकता बलियो हुनुपर्ने बताउनुभयो ।

समारोहमा नेपाल राष्ट्र बैंकका गभर्नर डा. चिरन्जिबी नेपालले जोखिमयुक्त क्षेत्रमा कर्जा प्रवाह नगर्न बैंकहरुको ध्यान आकर्षण गराउनुभयो । उहांले भन्नुभयो - लगानी जोखिमयुक्त हुनु भएन । वित्तीय स्थायित्वका लागि ८० प्रतिशत भन्दा बढि लगानी गर्न हुंदैन, सि.डि. रेसियो ( कर्जा र निक्षेपको अनुपात) कुनैपनि हालतमा परिवर्तन गरिदैन । गभर्नर नेपालले नेपालको आर्थिक विकासमा रावा बैंकले खेलेको भुमिकाको सराहना गर्दै यो बैंक नेपालका अन्य वाणिज्य बैंकहरुको तुलनामा अग्रणि रहेको बताउनुभयो ।

बैंकका संचालक समितिका अध्यक्ष डा.रवीन्द्र प्रसाद पाण्डेले विगत १० वर्ष यता देखि बैंकको सवै वित्तीय सुचकहरु सकारात्मक ढगंले अगाडी बढिरहेका छन् । यद्धपी विद्यमान अवस्थामा बैंकका सामु थुप्रै प्रकारका चूनौतीहरु छन् र पनि बैंक भित्रको जनशक्तिलाई पूर्ण रुपमा उत्प्रेरित गर्न सकियो भने चुनौतीको सामना गर्न सकिन्छ बताउनुभयो। अध्यक्ष डा.

पाण्डेले बैंक जनताप्रति उत्तरदायी संस्था भएकोले तोकिएको सि.डि. रेसियो भित्र बसेमा तरलताको समस्या नआउने बताउनुभयो ।

बैंकका प्रमुख कार्यकारी अधिकृत किरण कुमार श्रेष्ठले वित्तीय क्षेत्र सुधार कार्यक्रमले धरासायी हुनबाट जोगाएको यो बैंकको अहिले सबै वित्तीय परिसुचकहरु सन्तोषजनक अवस्थामा रहेको बताउनुभयो । उहांले २०७३ पुस मसान्तसम्म बैंकले १ खर्व ३८ अर्व निक्षेप संकलन र ९३ अर्व ४८ करोड कर्जा लगानी गरेको बताउनुभयो । ८ अर्व ५८ करोड ८९ लाख पूंजी पुगेको बताउनुभयो । यो रावा बैंकले यस अवधिमा खुद मुनाफा करिव १ अर्व ३० करोड पुऱ्याएको छ । यो नाफा गत बर्ष पौष मसान्तमा १ अर्ब ९ करोड थियो । खराब कर्जाको अनुपात ३ प्रतिशतको हाराहारीमा राख्न सफल भएको प्रमुख कार्यकारी अधिकृत श्रेष्ठले बताउनुभयो ।

आज भन्दा ५१ वर्ष अघि २०२२ साल माघ १० गते मुलुकको आर्थिक क्षेत्रको विकासमा टेवा पुऱ्याउने उद्देश्यका साथ स्थापना भएको यो वैंक आज देशका ७५ जिल्ला मध्ये ६८ जिल्लामा आफ्नो उपस्थिति जनाई देश र नागरिकको सेवामा समर्पित रहंदै आएको छ । हाल मुलुकभर वैंकका १७१ वटा शाखा कार्यालय, ९० वटा ए.टि.एम, १७ स्थानमा एक्सटेन्सन काउण्टर, ७५ स्थानमा शाखारहित वैंकिंग सेवा संचालनमा रहेका छन् भने २०७४ आषाढ मसान्तसम्म थप १८ वटा शाखा कार्यालय, ४० वटा ए.टि.एम. र २५ स्थानमा शाखारहित वैंकिंग सेवा सञ्चालन हुने क्रममा रहेको व्यहोरा उहाले जानकारी गराउनु भयो ।

कार्यक्रममा उत्कुष्ट शाखा कार्यालय, उत्कृष्ट कर्मचारी, पूर्व कर्मचारी सम्मान कार्यक्रम, २० वर्ष सेवा अवधि पुगेका कर्मचारीहरुलाई दीर्घसेवा पदक प्रदान गरिएको थियो ।

कार्यक्रममा अमर प्रहरी उत्तम थापाको श्रीमती अन्जु थापालाई विमा वापतको रु १ लाख रकम हस्तानतरण गरिएको थियो भने काडमाडौं महानगरपालिकालाई यूएन पार्क निर्माणको लागि रु २० लाखको चेक हस्तानतरण गरिएको थियो । कार्यक्रममा बैंकमा क्रियाशिल चार वटै ट्रेड यूनियनका अध्यक्षहरुले शुभकामना ब्यक्त गर्नुभएको थियो ।

कार्यक्रममा माननीय उप-प्रधान तथा अर्थमन्त्री कृष्ण बहादुर महराको प्रमुख स्वकिय सचिव हिमाल शर्मा, नेपाल प्रहरीका प्रहरी महानिरिक्षक उपेन्द्रकान्त अर्यालको बैंक संचालक समितिका सदस्यहरु, कृषि विकास बैंकका प्रमुख कार्यकारी अधिकृत लिला प्रकाश सिटौला, नागरिक लगानी कोषका कार्यकारी निर्देशक राम कृष्ण पोखरेल, सिद्धार्थ इन्स्योरेन्सका प्रमुख कार्यकारी अधिकृत विरेन्द्र बैदवार क्षेत्री, रावा बैंकका नायव प्रमुख कार्यकारी अधिकृतद्धय बिष्णु प्रसाद बैद्य, भुपेन्द्र पाण्डे, नायव महाप्रवन्धकहरु सुशिल श्रेष्ठ, कविराज अधिकारी, केशब प्रसाद

लम्साल, टेकराज जोशी, विभागिय प्रमुखहरु लगायत कर्मचारीहरुको भव्य उपस्थिती रहेको थियो । कार्यक्रम ब्रान्च अपरेशन विभागका प्रमुख उद्धब प्रसाद खनालले गर्नुभएको थियो ।




